आज मिति २०८३ साल असोज ०८ गते बिहिबारको दिन बिहान ११:०० बजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा बसेको सिलिचोङ गाउँपालिकाको आ.व. ०८३/८४ को पाँचौ कार्यपालिका बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसहमतिले निर्णय पारित गरियो ।

उपस्थिती:

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भूपालराज राई | अध्यक्ष | |
| २ | श्री देविता राई | उपाध्यक्ष | |
| ३ | श्री गणेश राई | वडाध्यक्ष | |
| ४ | श्री मोहन समसेर राई | वडाध्यक्ष | |
| ५ | श्री प्रतापसिंह तामाङ | वडाध्यक्ष | |
| ६ | श्री देवेन्द्र राई | वडाध्यक्ष | |
| ७ | श्री ईश्वर राई | वडाध्यक्ष | |
| ८ | श्री सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | श्री सागर राई | कार्यपालिका सदस्य | |
| १० | श्री रेबिका रसाइली | कार्यपालिका सदस्य | |
| ११ | श्री शारदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १२ | श्री लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | लक्ष्मी |
| १३ | श्री मनकुमारी राई | कार्यपालिका सदस्य | |
| १४ | श्री प्रविण राई | प्रमुख प्रशासकिय अधिकृत | |
| | | आमन्त्रित | |
| १ | श्री भद्र बहादुर राई | प्रशासन शाखा प्रमुख | |
| २ | श्री दिपेन्द्र कुमार राई | स्वास्थ्य शाखा प्रमुख | |
| ३ | श्री सुजन श्रेष्ठ | ईन्जिनियर | |
| ४ | श्री भावना पराजुली | प्रशासन शाखा सहायक | |
| ५ | श्री दिपक खड्का | लेखापाल | |
| ६ | श्री प्रविन राई | योजना शाखा प्रमुख | |

प्रस्तावहरु:

१. समिक्षा सम्बन्धमा।

२. नमुना मा.वि. भवन निर्माण योजनाको अन्तिम भुक्तानी वापतको निकासा फुकुवा सम्बन्धमा ।

सिलीचोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ताम्कु, संखुवासभा
कोशी प्रदेश, नेपाल
२०७३

२०८३/०६/०८
प्रविण राई
प्रमुख प्रशासकिय अधिकृत

३. आ.व.०८३/०८४ मा विनियोजित गौरवका ठुला योजनाहरुको ठेक्का आह्वन सम्बन्धमा ।

४. अनिवार्य दायित्व सुनिश्चित गरी ठेक्का आह्वन सम्बन्धमा ।

५. स्वीकृत गुरु योजना बमोजिम साझेदारीमा पूर्वाधार निर्माण योजना संचालन सम्बन्धमा ।

६. झो.पु. निर्माण तथा दायित्व सम्बन्धमा ।

७. बखल्तुम बेली ब्रिज निर्माण योजनाको अन्तिम भुक्तानी सम्बन्धमा ।

८. वडागत योजना संचालन सम्बन्धमा।

९. संचार खर्च सम्बन्धमा ।

१०. एम्बुलेन्स संचालन कार्यविधि सम्बन्धमा ।

११. भूमिहिन सुकुम्बासी र अव्यवस्थित वसोवास सम्बन्धमा ।

१२. जलवायु सम्मेलन समिक्षा तथा खर्च व्यवस्थापन सम्बन्धमा ।

१३. वडागत शिविर समिक्षा तथा खर्च रकम भुक्तानी सम्बन्धमा।

१४. करार पदपुर्ति सम्बन्धमा ।

१५. सामाजिक सुरक्षा कोष को आवद्धता सम्बन्धी अघि बढाउने ।

१६. विभिन्न अवधारणापत्र स्वीकृत सम्बन्धमा ।

१७. स्थानीय विपद द्रुत व्यवस्थापन टोली गठन सम्बन्धमा।

१८. उद्यम विकास समिति गठन सम्बन्धमा ।

१९. उद्यम विकास अनुगमन उपसमिति गठन सम्बन्धमा ।

२०. उघम विकास कार्यक्रम संचालन वडा छनोट सम्बन्धमा ।

निर्णयहरु:

निर्णय नं. १ प्रस्ताव नं.१ उपर छलफल गर्दा अघिल्लो कार्यपालिका बैठकको निर्णय सन्तोषजनक रहेको साथै विपद् व्यवस्थापनको सन्दर्भमा अझ बढी संवेदनशील हुनुपर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

निर्णय नं. २ प्रस्ताव नं.२ उपर छलफल गर्दा स्वीकृत गुरुयोजनाको आधारमा श्री सगरमाथा नमुना माध्यमिक विद्यालय निर्माय योजनाको निर्माण कार्य सम्पन्न भई श्री सगरमाथा माध्यमिक विद्यालय ( नमुना मा. वि. ) ताम्कु, संखुवासभाले च.न. १९, मिति २०८३/०५/२४ गतेको पत्रानुसार तपशिलको कागजात सहित निकासा फुकुवाको पत्र पेश गरेको:

तपशिल:

१. विद्यालय व्यवस्थापन समितिको निर्णय ।

२. निर्माण व्यवसायिको अन्तिम भुक्तानी सम्बन्धी पत्र र बिल/बिजक ।

सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ताम्कु, संखुवासभा कोशी प्रदेश, नेपाल २०७३

२०८३।०६।०८

प्रविण राई
प्रमुख प्रशासकीय अधिकृत

३. प्राविधिक कार्यसम्पादन प्रतिवेदन ।

४. गाउँपालिकास्तरीय अनुगमन मुल्याङ्कन प्रतिवेदन ।

५. भेरियसन आदेश सम्बन्धी विद्यालय व्यवस्थापन समितिको निर्णय र प्रधानाध्यापकोको टिप्पणी पेश गरेको कागजात ।

सो सम्बन्धमा श्री सगरमाथा माध्यमिक विद्यालयले निर्माण व्यवसायीसँग सुरु सम्झौता रु. ३,७०,६३,४९३.६८ मा गरेको देखिएतापनि विद्यालय व्यवस्थापन समितिको निर्णयको आधारमा विद्यालयले आफै गाउँपालिकाको पूर्व स्वीकृति विना रु. ५३,९०,४२६.६१ रकम वरावरको भेरिएसन जारी गरी कार्यदेश दिएको र भेरिएसन पछि कुल सम्झौता रकम ४,२४,५३,७६०.२७ कायम भएको तथा सातौ रनिङ विलसम्म रु. ३,४६,९८,८३१.६९ कन्टेजेन्सी सहित निकासा फुकुवा गाउँपालिकाले दिएको तथा निर्माण व्यावसायी श्री S&P INNOVATION CONSTRUCTION PVT.LTD., BHAKTAPUR ले अन्तिम भुक्तानीको लागि श्री सगरमाथा माध्यमिक विद्यालयमा निवेदन पेश गरी सगरमाथा माध्यमिक विद्यालयले भेरिएसन,मुल्य समायोजन सहितको विल बिजक तथा प्राविधिक प्रतिवेदन र अनुगमन मूल्याङ्कन प्रतिवेदन तथा विद्यालय व्यवस्थापन समितिको निर्णयनुसार सहित रु. ९३,१०,३३९.९८/- वरावरको रकम निकासा फुकुवाको लागि निवेदन पेश भएकोले सुरु सम्झौता बमोजिमको मुल्यमा घटाई मिति २०८३/०५/३० गतेको कार्यालयको निर्णयनुसार रु. ३१,९६,०४९.७८/- निकासा दिएकोमा सो निर्णयलाई समेत अनुमोदन गर्ने तथा बाकी रु. ६१,७५,३६१.२७/- सम्बन्धित विद्यालयलाई जिम्मेवार हुने गरी फुकुवा दिने निर्णय सर्वसहमतिले पारित गरियो ।

निर्णय नं. ३ प्रस्ताव नं.३ उपर छलफल गर्दा संघीय समपुरक र विशेष अनुदान तथा प्रदेश समपुरक अनुदान अन्तर्गत तपशिलको गोरवको योजनाहरुको लागत अनुमान स्वीकृत गरी ठेक्का आह्वन गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

तपशिल:

१. श्री माहेश्वरी माविको अधुरो भवन तथा मेशिनरी पर्खाल निर्माण योजना (प्रदेश समपुरक र गाउँपालिका साझेदारी)– लागत अनुमान रकम रु. १,१२,४९,८८०.८३/-प्रदेश सरकारको असी प्रतिशत साझेदारी र गाउँपालिकाको बीस (२०) प्रतिशत साझेदारी रकम अनिवार्य दायित्व रु.२२,५०,०००/- स्रोत आगामी गाउँ अधिवेशनबाट सुनिश्चित गर्ने निर्णय सर्वसहमतिले पारित गरियो। साथै विद्यालय व्यवस्थापनको आम भेलाको निर्णयानुसारको लोकेशन परिवर्तनलाई अनुमोदन गर्ने निर्णय पारित गरियो।

४. श्री माहेश्वरी मावि घेराबारा निर्माण योजना ( संघीय विशेष अनुदान) – लागत अनुमान रु.२४,९९,८२०.५१/-

सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तामाकु, संखुवासभा कोशी प्रदेश, नेपाल २०७३

२०८३।०६।०८ प्रमुख प्रशासकीय अधिकृत

५. तिवाखोला मोटरेवल पुल निर्माण योजना (संघीय समपुरक र गाउँपालिका साझेदारी) - लागत अनुमान रकम भ्याट तथा पि.ए.स. सहित रु. ५,३५,१५,७७०.८१/-

**निर्णय नं. ४** प्रस्ताव नं. ४उपर छलफल गर्दा प्रदेश समपुरक अनुदान अन्तर्गत श्री नागिटार पर्यटकीय स्थल निर्माण योजनाको ठेक्का आह्वन गर्नको लागि गाउँपालिकाको २० प्रतिशत साझेदारी अन्तर्गत हुन आउने रु.१७,५०,०००/- स्रोत आगामी गाउँ अधिवेशनबाट सुनिश्चित गरी ठेक्का आह्वन गर्ने निर्णय सर्वसहमतिले पारित गरियो। )

**निर्णय नं. ५** प्रस्ताव नं.५ उपर छलफल संघिय सरकारबाट शसर्त जिगत अनुदान अन्तर्गत मन्त्रालयबाट स्वीकृत विद्यालय गुरुयोजना अनुसार गाउँपालिकाको कम्तिमा १० प्रतिशत साझेदारीमा उक्त गुरुयोजनामा उल्लेख भएको तथा विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड, २०८०मा समावेश भए बमोजिमको भौतिक पूर्वाधार निर्माण गर्नुपर्ने कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८३/८४ ले व्यवस्था गरेको हुनाले सोही बमोजिम गाउँपालिकाले १० प्रतिशतले हुन आउने साझेदारी रकम रु.६,७०,०००/- आगामी गाउँ अधिवेशनबाट स्रोत सुनिश्चित गर्ने गरी तत्कालै स्वीकृत गुरुयोजना तथा नेपाल सरकारले तोकिएको मापदण्ड र कार्यान्वयन कार्यविधि अनुसार ठेक्का प्रक्रिया गरी अघि बढाउन श्री सगरमाथा माध्यमिक विद्यालयलाई कार्यदेश दिने निर्णय सर्वसहमतिले पारित गरियो ।

**निर्णय नं. ६** प्रस्ताव नं.६ उपर छलफल गर्दा नेपाल सरकार र गाउँपालिकाको साझेदारीमा संचालन हुने बेल्दो झो.पुल को निर्माण प्रक्रिया अघि बढाउने निर्णय सर्वसहमतिले पारित गरियो।

**निर्णय नं. ७** प्रस्ताव नं.७ उपर छलफल गर्दा गत आर्थिक वर्षमा सम्झौता तथा म्याद थप भई यस आर्थिक वर्षमा सम्पन्न भएको श्री बखल्तुम बेली ब्रिज निर्माणको अन्तिम भुक्तानीको लागि निर्माण कम्पनी श्री ममता इन्टरप्राइजेज एण्ड कन्स्ट्रक्सन प्रा.लि. लोकन्थली १ भक्तपुरले अन्तिम भुक्तानीको लागि निवेदन पेश गरेको सम्बन्धमा प्राविधिक कार्यसम्पादन प्रतिवेदन तथा गाउँपालिकास्तरीय अनुगमन मुल्याङ्कन प्रतिवेदनको आधारमा विल विजकको आधारमा रु.२,२४,५०,०६९/०८ बाट नियमानुसार कर,पेश्की, धरौटी कट्टा अन्तिम भुक्तानी गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**निर्णय नं. ८** प्रस्ताव नं.८ उपर छलफल गर्दा वडागत योजना तथा कार्यक्रमहरु अघिल्लो कार्यपालिकाको बैठकको निर्णयानुसार छिटो छरितो रुपमा संचालन गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**निर्णय नं. ९** प्रस्ताव नं.९ उपर छलफल गर्दा यस सिलीचोङ गाउँपालिकाको चालु आ.व. ०८३/०८४ को स्विकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत सार्वजनिक सेवा तथा क्षमता विकास शिर्षक क्र.सं. १.३९ मा संचार खर्च शिर्षकमा विनियोजित बजेट मध्येबाट कार्यालयको कामकाजको लागि विभिन्न निकाय तथा व्यक्तिहरु सँग सम्पर्क गर्नका लागि प्रमुख प्रशासकीय अधिकृतलाई मासिक रु. २०००,

सिलीचोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ताम्कु, संखुवासभा
कोशी प्रदेश, नेपाल
२०७३

२०८३/०६/०८
प्रविण राई
प्रमुख प्रशासकीय अधिकृत

सूचना अधिकारी र सूचना प्रविधि अधिकृतलाई मासिक रु.१०००,अन्य शाखा प्रमुख तथा वडा सचिवहरुलाई मासिक रु. ५०० तथा आवश्यकताअनुसार अन्य कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतको निर्णयानुसार मासिक रु. ५०० मा नबढ्ने गरी संचार खर्च उपलब्ध गराउन सक्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. १० प्रस्ताव नं.१० उपर छलफल गर्दा कानून तर्जुमा मस्यौदा समितिको अध्यक्ष ज्यूले पेश गर्नुभएको एम्बुलेन्स संचालन कार्यविधि, २०८३ को विधेयकको मस्यौदाको सम्बन्धमा सर्वसहमतिले पारित गरी लागु गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

निर्णय नं. ११ प्रस्ताव नं.११ उपर छलफल गर्दा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धि कार्यबिधी, २०८३ बमोजिम भूमिहीन सुकुम्बासी १ जना र अव्यवस्थित बसोबासीहरु २३ जना प्रमाणीकरण भएका निबेदकहरुलाई जग्गा उपलब्ध गराउन जिल्ला भूमि समस्या समाधान समिति सङ्खुवा सभालाई सिफारिस गर्ने साथै आवश्यक जग्गा ब्यवस्थापन गर्ने प्रक्रिया अगाडि बढाउन सिलीचोङ गाउँपालिका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबास समस्या सहजीकरण समितिलाई निर्देशन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं. १२ प्रस्ताव नं.१२ उपर छलफल गर्दा घरपझोङ गाउँपालिकाको आयोजनामा यहि मिति २०८३ भाद्र ३० र ३१ गते सम्म सम्पन्न भएको जलवायु परिवर्तन सम्मेलन,२०८३ भव्यताकव साथ सहभागिता भई उत्कृष्ट भएको समिक्षा भयो तथा उक्त सम्मेलनमा गाउँपालिकाको तर्फबाट सहभागि हुनु भएको गाउँपालिका अध्यक्ष सहित गाउँपालिका उपाध्यक्ष र २ नम्बर वडा अध्यक्ष मोहन शमशेर कुलुङको मिति २०८३/०५/२६ देखि २०८३/०६/०५ सम्मको भ्रमण वापतको रकम नियमानुसार भुक्तानी गर्ने तथा उक्त सम्मेलनमा सहभागिता वापतको सवारी भाडा लगायत अन्य विविध खर्च वापतको रकम विल भरपाईको आधारमा गाउँपालिकाको अन्य भाडा शीर्षक र विविध खर्च शीर्षकबाट भुक्तानी गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

निर्णय नं. १३ प्रस्ताव नं.१३ उपर छलफल गर्दा सिलीचोङ गाउँपालिका अन्तर्गत सम्पूर्ण वडा कार्यालयहरुबाट भौगोलिक रुपमा विकट र दुरदराज अवस्थालाई मध्यनजर गर्दै संचालन भएको सामाजिक सुरक्षा भत्ता लगायत प्रशासनिक घुम्ति शिविर संचालन वापतको खर्च प्रत्येक वडालाई २०,०००/-को दरले रु. १,००,०००/- विनियोजन ऐन,२०८३ को आयोजना व्यवस्थापन तथा विविध कार्यक्रम खर्च शीर्षकबाट संलग्न विल भरपाई र प्रतिवेदनको आधारमा भुक्तानी गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

सिलीचोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ताम्कु, संखुवासभा
कोशी प्रदेश, नेपाल
२०७३

२०८३/०६/०८
प्रविण राई
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १४** प्रस्ताव नं.१४ उपर छलफल गर्दा सिलीचोङ गाउँपालिकाको स्वीकृत रिक्त तपशिलको दरबन्दिमा लोकसेवा आयोगबाट पदपुर्ति नभएसम्मको लागि करार सेवामा पदपूर्ति गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

तपशिलः-

१. हेल्थ असिस्टेन्ट- १
२. अ.हे.व.- १
३. अ.न.मी.- २।(एक पद सामुदायिक स्वास्थ्य इकाई तर्फ)

**निर्णय नं. १५** प्रस्ताव नं.१५ उपर छलफल गर्दा यस गाउँपालिकामा स्वीकृत विभिन्न रिक्त दरवन्दि तथा विभिन्न कार्यक्रम अन्तर्गतका करार कर्मचारीहरुको सामाजिक सुरक्षा कोषमा आवद्धता गर्नका लागि नियमानुसार प्रक्रिया अघि बढाउने निर्णय सर्वसहमतिले पारित गरियो ।

**निर्णय नं. १६** प्रस्ताव नं.१६ उपर छलफल गर्दा सिलीचोङ गाउँपालिकाको लागि आवश्यक कानून तर्जुमा मस्यौदा समितिको संयोजक ज्यूले पेश गर्नुभएको तपशिल बमोजिमको कार्यविधिको विधेयकको मस्यौदा पारित गरी लागु गर्ने निर्णय सर्वसहमतिले पारित गरियो।

तपशिलः-

१. "सिलीचोङ गाउँपालिकाको एम्बुलेन्स सञ्चालन सम्बन्धि कार्यविधि, २०८३"

**निर्णय नं. १७** प्रस्ताव नं.१७ उपर छलफल गर्दा सिलीचोङ गाउँपालिकाको लागि आवश्यक तपशिल बमोजिमको कार्यविधि तथा निर्देशिकाहरुको अवधारणापत्र स्वीकृत गर्ने निर्णय सर्वसहमतिले पारित गरियो।

तपशिलः-

१. सिलीचोङ गाउँपालिकाको गाउँ शिक्षा ऐन २०८३ को दफँ ८२ ले दिएको अधिकार प्रयोग गरी बाल कल्याण कोष स्थापना र संचालन कार्यविधिको विधेयकको मस्यौदा ।

**निर्णय नं. १७** प्रस्ताव नं.१७ उपर छलफल गर्दा सिलीचोङ गाउँपालिकाको विपद् व्यवस्थापनको लागि तपशिल बमोजिमको स्थानीय विपद् व्यवस्थापन द्रुत प्रतिकार्य टोली गठन गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

तपशिलः

सिलीचोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ताम्कु, संखुवासभा
कोशी प्रदेश, नेपाल
२०७३

२०८३/०५/०८
प्रमुख प्रशासकीय अधिकृत

(क) गाउँ पालिका अध्यक्ष श्री भुपालराज राई -संयोजक

(ख) प्रमुख प्रशासकिय अधिकृत श्री प्रविण राई -सदस्य

(ग) स्थानीय तह स्थित अस्पताल प्रमुख डा. अनिश लुइटेल -सदस्य

(घ) विपद् व्यवस्थापन शाखा प्रमुख श्री ज्ञानराज राई - सदस्य

(ङ) स्थानीय तहको स्वास्थ्य प्रमुख श्री दीपेन्द्रकुमार राई -सदस्य-सचिव

**निर्णय नं. १८** प्रस्ताव नं.१८ उपर छलफल गर्दा माथि छलफल गर्दा यस सिलीचोङ गाउँपालिकामा संचालित गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको सफल कार्यान्वयन सम्बन्धमा तपशिल अनुसारको उद्यम विकास समितिमा गठन गर्ने निर्णय पारित गरियो ।

१. श्री भूपालराज मेवाहाङ (संयोजक)

२. श्री ईश्वर राई (सदस्य)

३. श्री प्रविण राई (सदस्य)

४. श्री अनिता दर्जी (सदस्य)

५. श्री अमिता कुलुङ (सदस्य)

६. श्री बालकिशोर राई (सदस्य)

७. श्री बिनोद राज महतारा (सदस्य-सचिव)

**निर्णय नं. १९** प्रस्ताव नं.१९ उपर छलफल गर्दा यस गाउँपालिकामा संचालित गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको सफल कार्यान्वयन सम्बन्धमा उद्यम विकास समितिको मातहतमा रहने गरी तपशिल अनुसारको कार्यक्रमको अनुगमन उपसमिति गठन गर्ने निर्णय पारित गरियो ।

१. श्री देबिता कुलुङ (संयोजक)

२. श्री मन कुमारी राई (सदस्य)

३. श्री भद्र बहादुर राई (सदस्य)

४. श्री सुमित्रा राई (सदस्य)

५. श्री बिनोद राज महतारा (सदस्य-सचिव)

निर्णय नं. २० प्रस्ताव नं.२० उपर छलफल गर्दा गरिबी निवारणाका लघु उद्यम विकास कार्यक्रम कार्यान्वयनका लागि ३ नम्बर वडा छनोट गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

सिलीचोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तामाकु, संखुवासभा
कोशी प्रदेश, नेपाल
२०७३

२०८१/०५/०८
प्रविण राई
प्रमुख प्रशासकीय अधिकृत